# महिला र यौनहिंसा

महिलाविरूद्ध हुने उत्पीडन र हिंसा धेरै थरीका छन् । यौनहिंसा, दाइजोका कारणले हुने घरेलु हिंसा, बलात्कार, बोक्सीका नाममा गरिने शारीरिक तथा मानसिक यातना, धर्म-संस्कृतिका नाममा गरिने भेदभाव जस्तै : छाउपडी प्रथा, महिनावारी भएकोबवेला अपवित्र मान्ने, सुत्केरी भएको बेला अपवित्र मान्ने जस्ता कामहरूका साथै यौनशोषण महिलामाथि हुने एक जघन्य अपराध हो । बाल्यकालदेखि यौवनावस्थासम्म कुनै न कुनै ठाउँमा कुनै न कुनै रूपले एउटी महिला यौनशोषणमा परेकै हुन्छिन् भन्ने अध्ययनहरूले देखाएका छन् । कहिले उनी माया र स्नेहको जालमा फसेर शोषित हुन्छिन्, कहिले डर र धम्कीबाट काँप्दै शोषित हुन्छिन् त कहिले लोभलालचमा परेर शोषित हुन्छिन् भने कहिले बाध्य भएर शोषित हुन्छिन् ।


लैङ्गिक मुल्यमान्यता र त्यसैको जगमा हुने सामाजिकीकरणको फलस्वरूप हाम्रो समाजमा हिंसाप्रति महिला र पुरुषबीच फरकफरक दृष्टिकोण रहेका छन् । पुरुष आक्रामक भएर महिलामाथि दुर्व्यवहार गर्ने कुरामा पुरुष आफूलाई समाजले छुट दिएको ठान्दछ र यस्तो कुरामा प्रोत्साहित भएर महिलामाथि विभिन्न प्रकारले हिंसा गर्दछ। अर्कोतिर यसको ठीक विपरीत किशोरी वा महिलाहरू आफूमाथि पुरुषबाट हुने दुर्व्यवहारलाई सामान्य ठान्ने वा चुपचाप सहनुपर्ने तथा यस्ता घटनाबाट “आफू नै बचेर हिँड्नुपर्छ नत्र दोष आफैलाई आउँछ” भनी संयमित भई बस्दछन् । केही गरी आफूमाथि यस्तो हिंसा भइहाल्यो भने पनि त्यो कसैलाई नभनी र प्रतिकार नगरी बस्न बाध्य हुन्छन् । यिनै सामाजिक मुल्य र मान्यताभित्र सामाजिकीकरण भएका पुरुषबाट किशोरी तथा महिलाहरू घरभित्रदेखि बाहिर, सार्वजनिक स्थलदेखि एकान्त जुनसुकै ठाउँमा यौनदुर्व्यवहार र यौनजन्य हिंसाका शिकार भइरहेका हुन्छन् । अश्लील शब्दहरूको प्रयोग गर्ने, संवेदनशील अङ्गमा छुने, सुम्सुम्याउने, ढेस्सिने वा धक्का दिने, बाटो छेकेर दुःख दिने, अभद्र व्यवहार गर्ने, अश्लील शब्द प्रयोग गरेर होच्याउने, असुरक्षित यौनसम्पर्कका लागि दबाब दिने आदि क्रियाकलापले एकातर्फ पुरुषले यौनआनन्द वा यौनलाभ लिने प्रयास गरिरहेको हुन्छ भने अर्कोतर्फ पुरुषका यी क्रियाकलापले महिलाहरू दुःखी, त्रसित, लज्जित तथा घाइते बनी निरीह भई चुपचाप बस्न बाध्य भइरहेका हुन्छन् ।

**यौनजन्य हिंसाअन्तर्गत यौनदुर्व्यवहार, जबरजस्ती विवाह, जबरजस्ती यौनसम्पर्क, अनिच्छित गर्भ, असुरक्षित यौनसम्पर्क, दबाबमुलक गर्भपतन, बलपुर्वक यौनव्यवसायमा लगाउनु र यौनशोषणको उद्देश्यका लागि बेचबिखन गर्नु आदि पर्दछन् ।**

## यौनहिंसा र यसले स्वास्थ्यमा पार्ने असर

- यौनशोषण तथा यौनहिंसाका कारण महिलाहरूमा आत्मसम्मानको कमी हुन गई कुनै कुरामा रुचि नहुनु, ग्लानि र हीनताबोधबाट ग्रसित भई आफैप्रति घृणा जाग्नु, आफूलाई दोषी ठान्नु ।
- मानसिक स्वास्थ्यसमस्या जस्तै चिन्तित हुने, खान, सुत्न मन नलाग्ने, डराउने, तर्सने हुने आदि ।
- हिंसाका असरहरूलाई बिर्सन वा कम गर्न यसबाट पीडित केही किशोरी तथा महिलाहरू आफ्नो स्वास्थ्यलाई हानि पुऱ्याउने व्यवहारहरू गर्न थाल्दछन् । जस्तै :- लागुपदार्थ सेवन र धेरै जनासँग असुरक्षित यौनसम्पर्क गर्ने आदि ।
- यसले गर्दा महिलाहरूमा यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू हुन्छन् । जस्तै यौनदुर्व्यवहारका कारण अनिच्छित गर्भधारण, कुटपिटबाट गर्भपतन हुनु वा बच्चा तुहिनु, असुरक्षित गर्भपतन गर्नु, यौनजन्य रोगहरूको सङ्क्रमण हुनु जस्तै एच.आइ.भि/एड्स तथा अन्य यौनजन्य रोगहरू हुनु ।
- यौनहिंसा भोगेका किशोरी तथा महिलामा यौनक्रीडा सम्झँदा पनि मनमा भय र त्रास पैदा हुन सक्ने हुँदा उनको सामान्य यौनजीवन तथा प्रक्रियामा असर पर्ने, पीडाको अनुभुति हुने र यौनचाहना मरेर जाने हुन सक्छ ।

माथि उल्लिखित स्वास्थ्यसमस्याहरू यौनहिंसाका शिकार भएका महिलाहरूमा हुने समस्या हुन् । तर यसको असर एक्लो महिलालाई मात्र नपरेर उसको परिवार, समुदाय र सिङ्गो समाजलाई नै पर्न जान्छ । हिंसाको चक्र एउटा पिँढीमा नै समाप्त नभई अर्को पिँढीहरूमा पनि निरन्तर रूपमा चलिरहन्छ ।



राज्य
समाज
समुदाय
सम्बन्ध
पीडक
विभेदपूर्ण कानुन तथा अभ्यासहरू जसले सम्पत्तिमाथि र हरेक निर्णय प्रक्रियामा पुरुष प्रभुत्वलाई बल दिन्छ।
अपर्याप्त कानुनी संयन्त्र र नीतिहरू जसले दण्डहीनताको स्थिति सृजना गर्दछ।
पुरुषत्व र पितृसत्तात्मक मान्यतालाई सहयोग
महिलाहरूको व्यवहारमाथि पुरुषको नियन्त्रण गर्न सघाउ पुऱ्याउने मूल्य र मान्यताहरू
द्वन्द्व समाधानको उपायको रूपमा हिंसालाई स्विकार्नु
धर्म र त्यसको व्याख्या
विभेदपूर्ण लैङ्गिक भूमिका
सम्मान, शक्ति, प्रभुत्व र आक्रामकतालाई पुरुषत्वसँग जोडिनु।
गरिबी, बेरोजगारी
महिलाहरूलाई नियन्त्रण गर्ने सामाजिक मूल्य मान्यताहरू
वैवाहिक द्वन्द्व
सम्पत्ति र परिवारभित्र निर्णय प्रक्रियामा पुरुषको नियन्त्रण हुने परम्परा
पुरुष हुनु
सानो बच्चा हुँदा भएको परिवारभित्र (खासगरी आमा बाबुको बीच) हिंसाको हुनु
बाल्य अवस्थामा हिंसापीडित हुनु
मादक पदार्थ तथा नशालु पदार्थ सेवन गर्नु

त्यसैले लैङ्गिक विभेद र सामाजिक कुसंस्कारको परिधिभित्र रही अनेक हिंसा सहन बाध्य महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन नभएसम्म र आफूमाथि भएको हिंसाविरूद्ध प्रतिकार गरी आवाज उठाउन महिलाहरू सशक्त नभएसम्म यौनहिंसा न्युनीकरण हुँदैन । त्यसैले हामी सबैले जान्नुपर्ने कुराहरू यसप्रकार छन् -

- कुनै पनि महिलामाथि यस किसिमको हिंसा गर्नु एक अपराध हो । त्यसैले आफ्नो गाउँ, समाजमा कुनै महिलामाथि यस्तो हिंसा भएको छ भने त्यसबारेमा सम्बन्धित सरोकारवालाहरूलाई पैरवीमार्फत न्युनीकरणका लागि प्रयास गर्ने ।
- घरभित्र वा बाहिर जहाँ पनि यौनदुराचार भएमा त्यसबारे सम्बन्धित निकाय (पुलिस, राजनीतिक नेता, महिला समूह) आदिलाई जानकारी गराउने ।
- महिलामाथि हुने यौनशोषण भनेको व्यक्तिगत वा गोप्य कुरा वा समस्या होइन । यो सामाजिक अपराध हो । यसका विरूद्धमा सबैले आवाज उठाउने ।

## निष्कर्ष



समाजमा विद्यमान पितृसत्तात्मक सोचका कारण पुस्तौँ पुस्तादेखि महिलाहरूमाथि यौनहिंसा हुँदै आइरहेको छ । यसको न्युनीकरणका लागि घर, समुदाय, नागरिक समाज तथा सबैभन्दा बढी राज्य जिम्मेवार हुनुपर्दछ । यौनहिंसाविरूद्धको कानुन निर्माण गरी दरिलो प्रकारबाट कार्यान्वयनका लागि आवश्यक संयन्त्रहरूको विकास गर्नुपर्छ । त्यस्ता संयन्त्रउपर निरन्तर अनुगमन हुनु पनि जरूरी छ । यस्तो भएमा मात्र यो समस्या न्यूनीकरण हुने छ । अन्यथा एक्काइसौँ शताब्दीमा अझ बढी नयाँनयाँ रूपहरूबाट महिलामाथि यौनहिंसा भइरहन्छ ।

# महिलामाथि हुने हिंसामध्ये श्रीमान्‌बाट हुने हिंसा ज्यादै असह्य हुन्छ

युगौंदेखि विभिन्न खालका शारीरिक, मानसिक र सामाजिक विभेदका कारण महिलाहरू विभिन्न हिंसा भोग्न बाध्य छन् । महिलाहरूमाथि सामाजिक संस्कारका आडमा, लिङ्गका आधारमा हिंसा गरिन्छ । दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरिन्छ । मुलतः महिलाहरूको आर्थिक, बौद्धिक र सामाजिक क्षेत्रमा न्युन पहुँच भएकै कारण हरेक ठाउँमा विभेद उत्पन्न भएको हो । ग्रिसेली दार्शनिक अरस्तु जस्ताले पनि महिलालाई निष्क्रिय वस्तु मानेका छन् भने पुरुषलाई शक्ति मानेका छन् । यही विभेदपूर्ण हेराइले गर्दा मानव भएर पनि महिलाहरूलाई सोहीअनुसार सम्मान दिइएको छैन । त्यसैले महिलाहरूमाथि चाहे परिवारका सदस्यबाट होस् चाहे छरछिमेकीबाट होस्, चाहे आफ्नै श्रीमान्‌बाट नै होस् हिंसा भइरहेको छ । यस्ता हिंसाहरूमध्ये पनि आफ्नै श्रीमान्‌बाट हुने शारीरिक, मानसिक र यौनिक हिंसा सबैभन्दा असह्य र डरलाग्दो हुन्छ । श्रीमान्‌श्रीमतीबीच दुःखसुख बाँडेर सँगै बाँच्ने मान्यता वा प्रतिबद्धताका साथ विवाह गरिन्छ । तर त्यो सम्बन्धभित्र हिंसा भएमा यसले झन् बढी पीडा दिन्छ ।

हाम्रो समाजमा श्रीमान् भनेको अधिकारसम्पन्न पुरुष हो र श्रीमती भनेको सहयात्री नभई सहयोगीमात्र हो भन्ने मान्यता रहेको छ । त्यसैकारण श्रीमान्‌ले श्रीमतीबाट सेवा, आदर र सम्मान चाहन्छ । हरेक क्षणमा श्रीमतीलाई अपमानित गरेको उसलाई थाहा नै हुँदैन । तर कुनै सन्दर्भमा श्रीमतीले आफ्नो श्रीमान्‌लाई मन नपर्ने कुनै कुरा गऱ्यो वा उसको स्वतन्त्रतामा प्रश्न गऱ्यो भने पुरुषलाई अपमानित भएको अनुभुति हुन्छ । श्रीमती भएकै कारणले राख्नुपर्ने ठाउँमा मानमर्यादा र सम्मानमा कमी भएको अनुभुति श्रीमान्‌लाई भएमा वा श्रीमान्‌ले काम गर्ने क्रममा श्रीमतीले विरोध गरेमा श्रीमतीमाथि सके शारीरिक नसके भौतिक अथवा मानसिक यातना दिने चलनका भुक्तभोगी हामी महिलाहरू छौँ ।

श्रीमान्‌बाट भएका यातना र कुटाइका कारण महिलाले अस्वस्थ जीवन भोग्नुपरेका र अपाङ्ग भएर जिउनु परेका घटनाहरू नौला होइनन् । श्रीमान्‌बाट हुने यातनालाई समाजले स्वाभाविक मान्दछ भने श्रीमतीले पनि श्रीमान्‌बाट हुने शारीरिक, मानसिक र आर्थिक हिंसालाई सकेसम्म लुकाउन खोज्दछिन् । भोलि आफ्नो

घरभित्रको हिंसाको कुरा बाहिर आएमा अझ बढी यातना पाउने आशङ्का, घरबाट निकाला हुनुपर्ने स्थिति र समाजले आफैलाई दोषी ठहऱ्याउने डरले हिंसा वा यातनालाई महिलाहरूले सजिलै बाहिर ल्याउन सक्दैनन् र ल्याउँदैनन्। फलस्वरूप महिलाहरूले श्रीमान्बाट हुने यातना सहन नसकी आत्महत्यासम्म गर्ने गरेका उदाहरणहरू पनि छन् ।

यस्तै समस्याबाट पीडित उदयपुर जिल्ला माथन टोलकी अर्की २९ वर्षीया मनिता दनुवारको (नाम परिवर्तन) अवस्थालाई हेरौं। १४ वर्षको उमेरमा बुबाआमाको करकापमा परेर विवाह गरेकी मनिताको १५ वर्षमा बच्चा जन्मियो। त्यसपछि उनलाई श्रीमान्लगायत सबै परिवारका सबै सदस्यहरूले हेला गर्न थाले। श्रीमान्ले नै माया नगरेपछि परिवारका अन्य सदस्यहरूबाट माया पाउन ज्यादै गाह्रो हुन्छ।

महिलामाथि हुने यस्ता शारीरिक यातनाले मानसिक र शारीरिक कष्ट अथवा अस्वस्थता दुवै एकै साथमा भएको पाइएको छ। यसरी शारीरिक र मानसिक रूपमा कमजोर भएका महिलाहरूले आवश्यकताअनुरूपको सहयोग प्राप्त गर्न सकेनन् भने उनीहरूमा निराशता छाउँछ । उनीहरू आफूलाई पीडा दिने र आफैलाई दुःख दिने कामहरू गर्न थाल्दछन् ।

यस्तै कुरा गर्दा शारीरिक र मानसिक यातनाकै कारण मोरङ्ग रङ्गेलीकी माल्लवीदेवी मन्डलले (नाम परिवर्तन) मानसिक सन्तुलनसमेत गुमाएकी छिन् ।

**घटना अध्ययन ९**

*उदयपुर जिल्लाकी कोपीला दनुवारका लागि (नाम परिवर्तन) श्रीमान्बाट हरेक दिन हुने कुटपिट एक किसिमको दैनिकी नै बनेको छ। उनी भन्छिन्, "भोकले आए पनि, त्यसै आए पनि ऊ सधैं झगडा गर्ने मनस्थितिमा हुन्छ। ल खाना खानुहोस् भन्यो भने "तँ नै खा" भन्दै आफ्नै शरीरमाथि झम्टन आउँछ। घरको काम सबै म आफै गर्छु र घरको काम सिध्याएर छोराछोरीलाई खुवाई स्कुल पठाएर श्रीमान्सँग खेतबारीमा मेलाको काममा सँगै पुग्छु। तर कुटाइ दिनहुँ खानुपर्छ। पिट्दै लखेटेर मामाघर, जेठाजुको घरमा पुऱ्याउँछ। जेठाजु अथवा मामाको घरमा लुक्छु। अन्त गयो भने त्यहीँ जा तेरो लोग्ने त्यही हो भन्छ। एकपटक त जेठाजुलाई समेत तेरै श्रीमती हो त्यहीँ राख भन्यो। त्यसपछि दुई भाइको झगडा भयो।"*

*हुन त उनीहरू श्रीमान्श्रीमतीबीचको झैझगडा मिलाउने प्रयास समाजले वा छिमेकीले नगरेका होइनन् तर समस्यासमाधान हुन सकेन। छिमेकी बन्दिमाया दनुवार भन्नुहुन्छ - "उसको श्रीमान्ले पिट्छ, पिट्दै र लखेट्दै हाम्रो घरतिर, मामाघरतिर पुऱ्याउँछ।"*

**घटना अध्ययन १०**

**मनिता भन्छिन् -** *"आफू चाहिँ बाहिर लाग्यो अनि घरकी श्रीमतीलाई रन्डी भन्ने, कुट्ने, निस्केर जा भन्ने। तर बच्चा लिएर कहाँ जाने ? त्यसैले सहेर बस्नेबाहेक उपाय नै छैन। मलाई चाडपर्व, दसैं, तिहार आउँदा जहिले पनि कुटेको छ। सधैं एकैनासको कुटपिट सहेर बसें। यसको बानी यस्तै हो भनी पिट्दा सहँदै आएँ। कुट्ने पिट्नेमात्र नभई थुक्ने पनि गर्थ्यो। बाबुआमाले सानैमा बिहा गरिदिएकाले जे-जस्तो भए पनि यसैसँग भोगेर खानुपर्छ भन्दै बसिरहेकी छु।"*

*आफ्नै श्रीमान्बाट यस्तो दुर्व्यवहार भएपछि उनलाई बाँच्नै व्यर्थजस्तो लागेर कतिपटक त मर्छु भनेर जङ्गलतिर गएको कुरा उनी यसरी बताउँछिन् - "कतिपटक त मर्छु भनेर गएँ। तर बच्चा सम्झिएर फर्केर आएँ। एकपटक त पिटेर मरणासन्न पारेपछि छिमेकीले झोलुङ्गोमा बोकेर अस्पतालसम्म लगे। पिटेकै कारणले होला अहिले ज्यादै जीउ दुख्ने, ढाड दुख्ने, टाउको दुख्ने, कहिलेकाहीँ चक्कर लाग्ने, रातभरि निद्रा नआउने, चिन्ता लाग्ने, हातखुट्टा झमझमाउने हुन्छ।"*

महिलामाथि हुने शारीरिक हिंसामध्ये धेरै प्रतिशत श्रीमान्बाट हुने गरेको पाइन्छ। त्यसै गरी श्रीमान्बाट हुने मानसिक हिंसाबाट पीडित महिलाहरूको सङ्ख्या पनि कम छैन। सबै क्षेत्रबाट हुने हिंसाले महिलालाई पीडा दिएको हुन्छ। श्रीमान्बाट हुने शारीरिक, मानसिक र आर्थिक हिंसाबाट महिलाहरू अझ बढी पीडित हुन्छन्। आमाबाबुले विवाह गरिदिएपछि श्रीमान् नै आफ्नो जीवनको प्रमुख सहारा हुन्छ भन्ने सिकाइसँगै हुर्किएकी महिलालाई आफ्नो श्रीमान्बाट नै हिंसा हुँदा उनलाई यो पीडा अत्यन्तै असह्य हुन्छ। आफूलाई श्रीमान्ले

**घटना अध्ययन ११**

मानसिक यातना भोगिरहेकी नाम बताउन नचाहने एक महिला भन्छिन्, *"विवाह गरेको २ वर्ष भयो। श्रीमान्ले कसैसँग बोल्न नदिने, बाहिर निस्कन नदिने, आफू बाहिर निस्कँदा कोठामा ताला लगाएर जाने, माइती जान नदिने र विभिन्न शङ्काउपशङ्का गर्ने गर्दछ। आफ्ना दिदीबहिनीसँग पनि भेट गर्न दिँदैन। प्रेम विवाह गरेको भए तापनि पहिला यस्तो लाग्दैनथ्यो। हाम्रो उमेर दुवैको बराबर जस्तै छ। मलाई आफ्नो जीवन जेलजस्तो लाग्दछ। मनमा विभिन्न किसिमका कुराहरू खेल्दछन्। बच्चा छैन। अस्पतालमा जचाउँदा पाठेघरमा मासु पलाएकोले अप्रेसन गर्नुपर्छ भन्यो। त्यसैले यहाँ अस्पताल आएकी हुँ। आज यसरी अस्पतालमा आएर तपाईंहरूसँग कुरा गर्न पाएकोमा ज्यादै रमाइलो लागेको छ।"*

हिंसा गरेको छ, पीडा दिएको छ भन्ने बारे अरूले थाहा पाए भने सबैले आफूलाई हेप्छन् भन्ने सोच बनाएका महिलाहरू आफूलाई समाज, घर, परिवारबाट अपहेलित र लाञ्छित हुनबाट जोगाउन आफ्नो पीडा अरूलाई बताउन चाहन्नन् । अर्कोतर्फ छरछिमेकीलाई भनेमा अथवा छरछिमेकीले देखे पनि परिवारिक कुरा हो, श्रीमान्श्रीमतीको झगडामा अरू बीचमा पर्नुहुन्न भन्ने विचारले बेवास्ता गर्ने परम्परा छ । यस्तो पनि महिलाहरू हिंसा भोग्न बाध्य छन् । यसले उनीहरूलाई अत्यन्तै बढी मानसिक र भावनात्मक पीडा दिन्छ । यसको प्रभाव

**घटना अध्ययन १२**

## श्रीमान्ले ममाथि हिंसा गर्दा मैले एउटा आँखा नै गुमाउनुपर्‍यो

*"यी हेर्नुहोस् ! मेरो टाउकोमा श्रीमान्ले १० वर्षपहिले खुकुरीले काटेर १० वटा टाँका मारेको छ । यी आँखामा पनि हेर्नुस् ! आँखाको डिलमा पनि खुकुरीले काटेर ४ वटा टाँका मारेको छ । मेरो चिउँडो पनि काटिएको छ । तपाईंले मेरो घाउ भएको ठाउँ कति देख्नुहुन्छ कति ? ल हेर्नुहोस् । मेरो श्रीमान्ले ममाथि गरेको अपराध ।"*

एकछिनसम्म गहभरि आँसु पार्दै *भनिन् - "मलाई यो पापीले सक्नै आँट्यो । मलाई यसरी दुःख दिन थालेको २५ वर्ष जति भयो । मैले उनलाई यो पनि भनिसकेँ मलाई च्वाट्टै खुकुरीले काटेर सिध्याइदेऊ । अर्की ल्याउँछौ भने पनि लिएर आऊ । म केही पनि भन्दिनँ । तर मलाई केही पनि नगर बिन्ती छ भन्दा पनि सुख पाइनँ । अब म के गरूँ ? यति भन्दा पनि मैले सुख पाइनँ । तेजाब खन्याएर पुरै जीउ डढायो । मैले एउटा आँखा नै गुमाउनुपर्‍यो । खै ! कुन दिनमा जन्मिएछु । मलाई आमाले कुन दिनमा जन्माइछन् । मेरो त काल पनि टाढिइसक्यो । अहिले मात्रै होइन २५ वर्ष अगाडिदेखि मलाई यसरी दुःख दिन थालेको । गाउँसमाजले पनि तिमीहरू श्रीमान्श्रीमतीको झगडामा हामीले कति टाउको दुखाउनु ? भनेर वास्ता पनि गर्न छोडिसके । मैले पनि घरको इज्जत जान्छ भन्दै उमेरमा नै सम्बन्धविच्छेद गरिनँ । कतिपय कुराहरू त मैले गाउँघरमा पनि कसैलाई भन्न सकिनँ । यसरी नै मेरो उमेर बित्यो । अहिले म ४८ वर्षकी भएँ । मेरा ३ छोरा र १ छोरी छन् । श्रीमान्कै कारणले घरपरिवार पनि लथालिङ्ग भयो । छोराछोरीलाई पनि सही बाटोमा लगाउन सकिएन । अहिले छोरीको विवाह भयो । यही श्रीमान्कै कारणले छोराहरू पनि विवाह गरेर छुट्टिएर बसेका छन् ।"*

**-फुलकुमारीको भोगाइ**

उनीहरूको शारीरिक स्वास्थ्यमा पनि पर्न थाल्दछ। आफ्नो अन्तरङ साथी तथा सहयात्रीले पीडा दिएपछि महिलाभित्र ग्लानि, पीडा, हीनताबोध उत्पन्न हुन्छ र उनलाई यस्तो पीडा भोग्न असह्य हुन्छ । **(घटना अध्ययन १०)**

**"श्रीमान्ले जाँडरक्सी खाएर, जुवातास खेलेर सबै जग्गा जमिन खाइसके । अहिले छोराहरू पनि सुकुम्बासी भएर बसेका छन् । नितु बि.क.ले आफ्नो घटना कसरी घट्यो भनी यसरी बताइन् (घटना अध्ययन ११) ।**

## किन हुन्छ महिलामाथि हिंसा ?

महिलामाथि हिंसा हुने मुख्य कारणका रूपमा हाल समाजमा रहेको महिलाको शक्तिविहीनताको स्थिति रहेको छ। हाम्रो देशमा लामो समयसम्म रहेको राजतन्त्रात्मक सामन्ती व्यवहारले

**घटना अध्ययन १३**

*२०६२ साल पुस ८ गतेको दिन थियो। त्यस दिन सार्वजनिक बाटो खन्ने दिन थियो। श्रीमान् घर मा नभएको हुनाले बाटो खन्न म नै गएँ। अनि त्यसै दिन राति आएर ए, राँडी, तँ आज कति जनासँग हिँडिस् ? भन्दै झगडाको निहुँ निकालेर धम्काउने थाल्यो । अनि म पनि लौ आज पनि मार्ने नै भयो भनेर घरबाट निक्लिएर राति आमाकहाँ गएँ। ऊ मेरो पछिपछि आएको रहेछ। त्यो कुरा मलाई पत्तो पनि भएन। त्यसैले म आमाकहाँ गएर अब त म बाँचें भनेर ढुक्क भएर बसेको मात्र के थिएँ एक्कासि त्यहीं नै कराउँदै आइपुग्यो । अनि छिमेकीले सुनेर उनलाई हप्काएर पठाए। केही समयपछि फेरि हातमा तेजाबको सिसी लिएर आएर मेरी आमा, म र मेरो कान्छो छोरासमेतलाई तेजाब खन्याइदियो। हामी सबै बेहोस भएछौं, छिमेकीले अस्पताल पुऱ्याएछन् र बल्ल बाँचेका हौं। हुन त म मरेसरि भइसकेकी छु। एउटा आँखा पटक्कै देख्दिनँ। घाँटी र पेट अनि तल साँप्रामा धेरै ठुलो खाटा छ। यी ल हेर्नुस् त। यो कालीखोलामा मैले जति अरू कसले आफ्नै श्रीमान्बाट यस्तो यातना पाएको होला र ? पहिले मलाई खुकुरीले काट्दा उसलाई पुलिस थानामा लगेको हो। तर २-४ दिन राखेर श्रीमान्श्रीमतीको झगडा हो, अब मिल्नुपर्छ भनेर सबैले सम्झाए। छोराहरूले पनि इज्जत जान्छ भयो आमा अब एकपटकलाई माफी दिनु भने र उसलाई घर फर्काएँ। तर आएर फेरि मलाई यस्तो गरेपछि सबैले पछुतो मानेका छन्। ऊ कता भाग्यो उसको अहिलेसम्म अत्तोपत्तो छैन। आजकाल त म एक्लै, सानो जङ्गलमा समेत हिँड्दिनँ, डर लाग्छ। साँझमा पनि हिँड्न डर लाग्छ।"*

**घटना अध्ययन १४**

## यस्तो यातना कहिलेसम्म ?

*"मेरो श्रीमान् सजनबहादुर (नाम परिवर्तन) ले मलाई जतिखेर जुन समयमा पनि यौनसम्पर्क गर्न खोज्ने, नदिए झगडा गर्ने, रन्डी, वेश्या, तँ अरू कसलाई दिन्छेस् आफ्नो श्रीमान्लाई नदिएर भन्दै कुटपिट गर्ने र जबरजस्ती यौनसम्पर्क गर्ने गर्थे । हिजो पनि दिनको ५ बजे नातिनी हेरिरहेकी थिएँ । छोरी पनि सँगै थिइन् । अनि आएर यौनसम्पर्क गर्न भन्न थाले । मैले मानिनँ । त्यसैले मलाई मरणासन्न हुने गरी कुटे र म बेहोस भएछु । बेहोस भएपछि छोरीले डाक्टरलाई बोलाइछन् ।"*

*रमिलाले फेरि भनिन्- "श्रीमान्ले जहिले जतिबेला पनि यौनसम्पर्क गर्न खोज्ने नदिएपछि तेरा पोइ तिनै हुन् भनी छोराहरूलाई देखाउने, गाउँका मान्छेलाई पनि त्यस्तै भन्ने, माइतीमा एक रात बसेर आउँदा पनि कुट्ने । कान्छी छोरी जन्मेको दोस्रो दिन दिउँसो २ बजेतिर यौनसम्पर्क गर्न भने । अनि अहिले म मर्छु पाँच दिनसम्म जसरी पनि बस्नुस् भन्दा जबरजस्ती काखकी छोरीलाई खोसेर भुइँमा सुताई जबरजस्ती यौनसम्पर्क गरे । करिब एक घण्टासम्म छाडेनन् । म त बेहोस भएछु । रगत बगेको बग्यै भयो । बिउँझेर उठ्न खोज्दा त आङ झरिहाल्यो । आङ खसेपछि रोएँ, कराएँ । तर पापीले उपचार गर्ने कुरै गरेन । आजभोलि त्यसैले गर्दा सजिलो गरी बस्न नमिल्ने, रगत बग्ने, कपडा त्यसैमा टाँसिने, कपडा छुट्टाउँदा झन् रगत बग्ने गर्दछ । यौनसम्पर्क गरेपछि त रगतको तालमा बस्छु । त्यसैले हिजो यौनसम्पर्क गर्न नमानेकोले बेहोस हुने गरी कुटाइ खानुपऱ्यो । मेरो जीवन यस्तै छ । यस्तो यातना मैले कहिलेसम्म सहनुपर्ने हो थाहा छैन ।"*

महिलालाई कहिल्यै पनि स्वतन्त्रअधिकार सम्पन्न नागरिकका रूपमा स्थापित हुन दिएन । यो समाजमा सधैँभरि पुरुष शक्तिवान् र महिलाहरू पुरुषको सम्पत्तिका रूपमा हेर्ने दृष्टिकोण स्थापित भयो । महिलालाई आफ्नो पहिचानसमेतबाट वन्चित गरायो ।

पुरुषले आफ्नो सम्पत्तिलाई आफू खुसी अथवा मनपरी प्रयोग गर्न पाउने मान्यता हाम्रो समाजमा स्थापित भइसकेको छ । त्यसैले महिला जसलाई प्रायः पुरुषले आफ्नो सम्पत्ति मान्दछ त्यसलाई आफ्नो हिसाबले मनपरी तवरले प्रयोग गर्नु, परिचालन गर्नु र उपभोग गर्नु आफ्नो अधिकार ठान्दछ । यो परिवेशमा हुर्केका पुरुषले महिलामाथि हिंसा गर्नु आफ्नो अधिकार ठान्दछन् । यसका साथै हाम्रो समाजमा पुरुष महिलाभन्दा बलियो हुनुपर्दछ भन्ने मान्यता छ । यस मान्यताका कारण जब पुरुष आफूलाई

कमजोर अनुभुति गर्दछ तब महिलालाई हिंसा गरेर आफ्नो वशमा राख्न चाहन्छ, नियन्त्रण गर्न थाल्दछ । आफूले हिंसा गरेर अरूलाई आफ्नो बलमा राख्न खोज्नु भनेको सामन्ती सोच हो। यस्तो सामन्ती सोचले मानिसहरूमा निम्नानुसारको गलत धारणा बनेको छ :

१. हिंसा गरे काम बन्ने :– कसैलाई पनि नियन्त्रण गर्न हिंसाको प्रयोग गर्नुपर्छ; कुनै पनि विवादको समाधान तर्कसङ्गत विश्लेषण नभई हिंसा गरे भने काम फत्ते हुन्छ भन्ने गलत मान्यता राखेर हिंसा गर्न पुग्दछन् ।

२. यौन र लैङ्गिक जिम्मेवारी :– महिलालाई नियन्त्रण गर्नु, आफ्नो नियन्त्रणमा राख्नु पुरुषले आफ्नो लैङ्गिक जिम्मेवारी नै ठान्दछ । एउटी महिला भएपछि उसले आफ्नो श्रीमान्लाई पकाएर खान दिनु, उसँग यौन सम्पर्क राख्नु, उसलाई मन पर्ने लुगा लगाउनु, उसले भनेको मानिससँग मात्र बोल्नु, व्यवहार गर्नु पर्दछ भन्ने मान्यता छ । यही मान्याताअनुरूप आफ्नी श्रीमतीलाई बनाउनुपर्छ भनी हरेक पुरुष लागिपर्दछन् । यो काम पुरुषले आफ्नो जिम्मेवारी भएको र आधिकारभित्र परेको ठान्दछ ।

३. कति पुरुषले आफूले महिलालाई विवाह गरेर उपकार गरेको भन्ने मान्यता राख्दछन् । महिला आफूभन्दा बढी पढेलेखेकी वा आत्मविश्वासकी छिन् भने उनले छोडेर जान्छिन् कि ? भनेर पुरुष डराउँछ । त्यो डरलाई जित्न उसले महिलालाई नियन्त्रण गर्न खोज्दछ । आफूमाथि आश्रित बनाउन चाहन्छ । यो स्थितिमा उसले कुटपिट वा अन्य प्रकारको हिंसाको सहारा लिन्छ ।

४. पुरुषले सानैदेखि घर, परिवार, समाज सबै ठाउँमा सधैँभरि महिलामाथि हिंसाको प्रयोग गरेर नियन्त्रण गरेको मात्रै देखेको छ । त्यसैले उसले देखिआएका कुरा तथा तरिकाहरू अपनाउँदछ ।

पुरुष र महिला, महिला-महिला, पुरुष-पुरुषबीच हुने विभिन्न प्रकारका हिंसाका कारणहरू जे-जस्तो भए पनि मुल कुराका रूपमा शक्ति र नियन्त्रणको सम्बन्ध नै रहेको पाइन्छ ।

## महिलामाथि हुने हिंसा : स्वाथ्यसमस्या

महिला तथा बालिकाहरूमाथि हुने हिंसा मानवअधिकार तथा जनस्वास्थ्यको महत्त्वपूर्ण चासोको विषय हो । महिलामाथि हुने हिंसा भन्नाले घर, परिवार, समाज र राज्यसमेतबाट

गरिने विभिन्न प्रकारका शारीरिक, मानसिक, भावनात्मक तथा यैनिक हिंसाहरू भन्ने बुझाउँदछ। यस्ता हिंसाहरूभित्र महिलाहरूमाथि हुने कुटपिट दाइजोका कारणले गरिने हिंसाहरू, महिनावारीको बेलामा गरिने भेदभावहरू, बाल यौन दुर्व्यवहार, शिक्षण सङ्घसंस्थाहरूमा गरिने यौन तथा अन्य दुर्व्यवहार, हेला, चेलीबेटी बेचबिखन, जबरजस्ती यौन पेसामा लगाउनु तथा राज्यद्वारा विभेदपूर्ण सामाजिक, आर्थिक, राजनीतिक मूल्य र मान्यताहरूलाई यथावत राखी प्रश्रय दिइने सम्पूर्ण व्यवहारहरू भन्ने बुझिन्छ ।

महिलामाथि हुने हिंसाहरूमा घरेलु हिंसा सबैभन्दा बढी भएको पाइन्छ । संसारका सबै देशहरू जहाँ उचित पद्धति र संवेदनशीलताका साथ महिलामाथि हुने हिंसाका बारेमा अध्ययन गरिएको छ तिनका प्रतिवेदनहरूका अनुसार १० देखि ६९ प्रतिशत महिलाहरूले आफ्नो जीवनकालमा आफ्नो लोग्नेबाट हिंसा खप्नुपरेको छ ।[१] त्यसै गरी जनसङ्ख्यामा आधारित प्रतिवेदनहरूले १२ देखि २५ प्रतिशत महिलाहरू आफ्नो सहयात्री वा पुरानो साथीबाट आफ्नो जीवनको एक समयमा बलपूर्वक यौनशोषण भएको तथ्याङ्क अगाडि ल्याउँदछन् भन्ने कुरा देखाएका छन् । महिला हिंसासम्बन्धी गरिएका अन्य विभिन्न अध्ययनहरूले महिला हिंसासम्बन्धी निम्नलिखित तथ्यहरू अगाडि ल्याएका छन् :

- महिलामाथि हिंसा गर्ने व्यक्तिहरू प्रायः गरी पुरुष हुन्छन् ।
- अन्तरङ्ग सम्बन्ध - लोग्नेस्वास्नी, आफ्नो प्रेमीभित्र हुने शारीरिक यातनाहरू सधैँ गहिरो मनोभावनात्मक तथा शाब्दिक हिंसासँग जोडिएका हुन्छन् । घरेलु हिंसाका ४ वटा घटनाहरूमध्ये एउटामा यौनहिंसा तथा यौनशोषण पनि भएको हुन्छ ।[२]
- आफूले चिनेजानेका, आफ्ना नजिकका व्यक्तिहरूबाट महिलाहरू सबैभन्दा बढी हिंसापीडित हुन्छन् । क्यानडा, अष्ट्रेलिया, अमेरिका, दक्षिण अफ्रिका जस्ता देशहरूमा हत्या गरिएका महिलाहरूमध्ये ४०–७० प्रतिशत महिलाहरू आफ्नो सहयात्री तथा श्रीमान्बाटै मारिएका छन् ।[३] त्यसै गरी हरेक साल आठ लाखभन्दा बढी बेचबिखन तथा ओसारपसार गरिने व्यक्तिहरूमध्ये

*१. स्रोत WHO को हिंसा र स्वास्थ्यसम्बन्धी विश्व प्रतिवेदन २००२*
*२. WHO हिंसा र स्वास्थ्यसम्बन्धी विश्वप्रतिवेदन) २००१*
*३. WHO हिंसा र स्वास्थ्य सम्बन्धी विश्व प्रतिवेदन २००२*

करिब ८० प्रतिशत महिला हुन्छन् । एसियाका केही देशहरू (भारत र चीन) मा गर्भमा नै छोरी भ्रुणको हत्या र जन्मनासाथ छोरी शिशुको हत्या गरिने कारणले हरेक साल ६ करोड महिलाहरू हराइरहेका हुन्छन् । यसका साथै महिलामाथि गरिने बलात्कार, दाइजोका कारणले गरिने हिंसा, तेजाब फालेर गरिने हिंसा जस्ता विभिन्न हिंसाका कारण हरेक दिन विश्वमा हजारौं महिलाहरू मारिन्छन् वा पीडित हुन्छन् । यसले विश्वकै सामाजिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा प्रभाव पार्दछ । हाम्रो जस्तो देश जहाँ हिंसापीडित बहुसङ्ख्यक महिलाहरू उत्पादनशील उमेरका छन् त्यहाँ यसले देशका आर्थिक स्थितिमा समेत नराम्रो प्रभाव पार्दछ । देशको उत्पादन घटाउँदछ, देशको छविलाई नकारात्मक असर पार्दछ । महिलाहरूको बाँच्न पाउने अधिकारको हनन हुन्छ । महिलाका सबै प्रकारका हिंसा र शोषणबाट मुक्त हुन पाउने अधिकारलाई राज्यले सुनिश्चित गर्न नसकेको ठहर हुन्छ । हिंसाले समाजका आर्थिक, सामाजिक क्षेत्रका साथै महिलाको स्वास्थ्यमा पनि गम्भीर असर पार्दछ ।

महिलामाथि हुने हिंसा र स्वास्थ्यको गहिरो सम्बन्ध छ । किनभने पहिलो त विश्व स्वास्थ्य सङ्गठनको परिभाषाअनुरूप कुनै पनि व्यक्ति स्वस्थ हुनका लागि शारीरिक, मानसिक तथा सामाजिक रूपले स्वस्थ हुने वातावरण उसले पाउनुपर्दछ । हिंसा त्यही ठाउँ, परिवार र देशमा हुन्छ अथवा गरिन्छ जहाँ महिलालाई हेर्ने दृष्टिकोणमा विभेदकारी हुन्छ । जहाँ मानवअधिकारको सम्मान हुँदैन उनीहरू सामाजिक रूपले विभेदित हुन्छन् । यो स्थितिलाई सामाजिक रूपले स्वस्थ स्थिति मान्न सकिन्न । त्यसै गरी हिंसा भएमा व्यक्ति मानसिक र शारीरिक दुवै रूपले पीडित हुन्छन् । यो भनेको उनीहरूको स्वास्थ्यमा नकारात्मक असर पर्नु हो ।

संसारभरकै अनुभवले हिंसापीडित महिलाहरूमा निराशता, चिन्ता, यौनसमस्या विभिन्न खाले प्रजनन स्वास्थ्य समस्याहरू जस्तैः- असुरक्षित गर्भपतन, अनिच्छित गर्भधारण, यौनजन्य सरुवा रोगहरू एच.आइ.भि., विभिन्न स्वास्थ्य समस्याहरूबाट पीडित हुन्छन्, जोखिममा रहन्छन् । बालिका हुँदा यौनशोषित भएका किशोरीहरू धरै जसो जोखिमपूर्ण यौन व्यवहारमा संलग्न हुने गर्दछन् । उनीहरू वयस्क हुँदा पनि बढी यौनशोषणको शिकारमा पर्दछन् ।

**घटना अध्ययन १५**

*"म ५ वर्षकी हुँदादेखि मेरो बुबाले मलाई यौनशोषण गरेको हो । त्यतिखेर मलाई के गरेको हो भन्नेसमेत थाहा थिएन । बुबाले सधैं मलाई फकाएर यौनशोषण गर्दथे । म ११ वर्ष भएपछि यो क्रम छुट्यो । बिस्तारै मैले बुझ्न थालें । जिन्दगी कठिन हुँदै गयो । मेरो मनमा म यौन शोषित, बिग्रिसकेको व्यक्ति भन्ने सोचको विकास भयो । त्यसैले गर्दा मलाई यौनसम्पर्क गर्नु भनेको सामान्य जस्तो लाग्न थाल्यो र मेरा धेरै केटाहरूसँग सम्बन्ध भयो । म यौन रोगबाट समेत पीडित हुन पुगें । अहिले विवाहिता छु । तर मेरो जीवनमा यौनइच्छा र श्रीमान्प्रति माया र आत्मीयता कहिले पनि भएन ।"*

जनसङ्ख्यासम्बन्धी प्रतिवेदनहरूले गर्भवती अवस्थामा हिंसा गरिएका ४ जना महिलाहरूमध्ये एक जना आमा तथा बच्चाहरू जोखिममा हुन्छन् भन्ने तथ्य सार्वजनिक गरेका छन् ।

त्यसै गरी धेरै देशहरूमा गरिएका अध्ययनहरूले हिंसाबाट पीडित महिलाहरूलाई अरू महिलाहरूभन्दा बढी स्वास्थ्य सेवा आवश्यक पर्ने देखाएका छन् ।[1]

महिलामाथि हुने हिंसाले महिलाको कार्यशीलता र उत्पादनशीलतामा असर पार्दछ । यदि हिंसामा परेका महिलाहरूले कार्यालयमा काम गर्दछन् भने कार्यालयमा गर्ने काम पनि उनीहरू राम्ररी गर्न सक्दैनन् । उनीहरूले आफूले दिनुपर्ने सेवा राम्ररी दिन सक्दैनन्, उनीहरूलाई निद्रा लाग्दैन, उनीहरूको शारीरिक र मानसिक स्वास्थ्यमा असर परेको हुन्छ ।

यसप्रकार हामीले महिलामाथि हुने हिंसाले महिलाको शारीरिक, मानसिक, भावनात्मक तथा सामाजिक स्वास्थ्यमा असर परेको, पारिराखेको कुरा स्पष्टसँग देखेका छौं र अनुभुति गरेका छौं । त्यसैले हामीले महिलामाथि हुने हिंसालाई राज्यले स्वास्थ्य क्षेत्रको समस्या हो भनी स्पष्ट किटान गर्नुपर्ने आवश्यकता औंल्याउँदछौं ।

---

*१. WHO महिलामाथि हुने हिंसासम्बन्धी जानकारी पेज नं. २३९*